# आर्थिक बर्ष २०७२/०७३ को जिल्ला बिकास समितिको सभाकक्षमा जिल्ला स्थित ४८ गा.बि.स.हरु, ताप्लेजुङ्ग नगरपालिका, बिषयगत कार्यालय, अन्तराट्रिय गै.स.स, गै.स.स हरु र सघं संस्थाहरु बार्षिक समिक्षा




## १.पृष्ठभूमि :

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमाबली २०५६ अनुसार जिल्ला विकास समितिले  जिल्ला स्थित विषयगत कार्यालयहरु र विकास निर्माणमा संलग्न गैर सरकारी संस्था तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग नियमित समन्वय गरि जिल्ला विकासको कार्यक्रम सहभागीतात्मक योजना तर्जुमा प्रक्रिया को पद्धती अपनाई

वनाउने पर्ने तथा त्यसको नियमित अनुगमन तथा मूल्यांकन गर्नुपर्ने व्यवस्था गरेको छ । यसै अनुरुप जिल्ला विकास समितिको कार्यालय ताप्लेजुङ्गवाट आंव. २०७२/०७३ मा विषयगत कार्यालय, गा.वि.स., नगरपालिका,जि.वि.स.को कार्यालय तथा गैर सरकारी कार्यालयद्धारा संचालित कार्यक्रमहरुको २०७३ श्रावण १९ र २० गते सम्पन्न भयो ।दुई दिन सम्म संचालित गोष्ठीमा पहिलो दिन जिल्ला भित्रका गा.वि.स.कार्यालयहरु र नगरपालिका कार्यालय र दोस्रो दिन जि.वि.स.,विषयगत कार्यालय गैर सरकारी संस्था तथा अर्न्तराष्ट्रिय गैर सकारी संस्थाहरुले आ आफ्नो कार्यालयको प्रगति प्रस्तुत गरेका थिए । जिल्ला स्थित राजनैतिक दलका पार्टी प्रमुख एंवम प्रतिनिधिहरुको समेत सक्रिय सहभागीता रहेको समीक्षा गोष्ठीमा सम्वन्धित कार्यालयका सहभागीहरुलेभौतिक तथा वितिय प्रगिति,अनुकरणीय कामहरु एवंम सोको संचालनमा देखिएका समस्याहरु र समाधानका लागी चालिएका प्रयास प्रस्तुत गरेका थिए । वार्षिक समीक्षा गोष्ठी प्रतिवेदन २०७३ ले आ.व.०७२।०७३ मा जिल्लाका विभिन्न स्थानहरुमा सम्पन्न भएका विकासका भौतिक तथा वितिय प्रगितिहरु,अनुकरणीय कामहरु एवंम सोको संचालनमा देखिएका समस्याहरु र समाधानका लागी चालिएका प्रयासहरुलाई मध्यनजर राख्दै सुधारका लागी चाल्न पर्ने सुझावहरुलाई समेटिएको छ ।

## २.उदेश्य :

- जिल्ला विकास समिति,विषयगत कार्यालय एवंम सरकारी तथा गैर सरकारी कार्यालयहरुको वार्षिक भौतिक तथा वितिय प्रगितिको समीक्षा सरोकारवालालाई जानकारी गराउने ।
- जिल्ला भित्र सम्पन्न भएका अनुकरणीय काम,कार्यक्रम कार्यन्वयनको क्रममा आएका समस्याहरु,समस्या समाधानका लागी चालिएका पहलहरु बारे जानकारी आदान प्रदान गर्ने ।
- समीक्षाबाट प्राप्त निष्कर्श एवमं सुझावहरुलाई अगामी आर्थिक वर्षमा कार्यक्रममा कार्यन्वयन गर्ने ।

**३.समीक्षा सम्पन भएको मिति र स्थान :** २०७३ श्रावण १९ गते र २० गते,जिल्ला विकास समितिको सभा हल, ताप्लेजुङ्ग

**४.प्रमुख क्रियाकलापहरु :** प्रमुख अतिथि,अतिथि,सहभागीहरुको उपस्थितिमा अपरान्न १२ वजे देखि संचालन भएको आ.व. २०७२।२०७३ को समिक्षा कार्यक्रम देहाय बमोजिम संचालन भएको थियो ।

४.१.कार्यक्रमको अध्यक्षताः श्री केशब भट्टराई,स्थानीय विकास अधिकारी

४.२.कार्यक्रमको प्रमुख आतिथ्यः श्री चक्रपाणी पाण्डे, प्रमुख जिल्ला अधिकारी

४.३ आसन ग्रहणःकार्यक्रममा उपस्थित अतिथि,सहभागीहरुलाइ आसन ग्रहण

**४.४ कार्यक्रमको उदघाटन**ः प्रमुख अतिथी, प्रमुख जिल्ला अधिकारी श्री चक्रपाणी पाण्डेज्यूद्धारा व्यानर बाचन गरि कार्यक्रमको उदघाटन

**४.४ आमन्त्रित प्रमुख अतिथि, अतिथि, सहभागीहरुलाई स्वागत मन्तव्यः** अम्विका प्रसाद चौलागाई योजना अनुगमन तथा प्रशासकिय अधिकृत

**४.५ कार्यक्रमको संचालन:** श्री दुर्गा श्रेष्ठ,शाखा अधिकृत

## ४.६.कार्यक्रममा सहभागी सरकारी तथा गैरसरकारी संस्थाहरुको प्रस्तुती:

कार्यक्रममा सहभागी जि.वि.स., गा.वि.स.,विषयगत कार्यालय,गैरसरकारी तथा अर्न्तराष्टिय गैरसरकारी संस्थाले आफ्नो कार्यालयको आ.व. २०७२।२०७३ कोवार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए।पहिलो दिनको वार्षिक प्रगति समीक्षामा सहभागी गा.वि.स हरुको विवरण :

## पहिलो दिनको प्रस्तुति:

- ताप्लेजुङ्ग नगरपालिका
- गा.वि.स.को कार्यालयहरु ४८ वटा

**देहाय :**

१, गा.बि.स सचिब श्री सीताराम तिमल्सीना चागे गा.बि.स र सादेवा गा.बि.स

२, गा.बि.स सचिब श्री निर्मल शेर्पा ओलाङ्गचुङ्गगोला गा.बि.स र सान्थाका गा.बि.स

३, गा.बि.स सचिव श्री केशब गुरागाई खेवाङ्ग गा.बि.स र चाक्सीबोटे गा.बि.स

४, गा.बि.स सचिव श्री नारायण दाहाल फुरुम्बु गा.बि.स र लिङ्गखिम गा.बि.स

५, गा.बि.स सचिव श्री धिरेन योन्जन सावां गा.बि.स र नाल्बु गा.बि.स

६, गा.बि.स सचिव श्री बिजय गोठाले गौतम आङ्गखोप गा.बि.स र खाम्लुङ्ग गा.बि.स

७, गा.बि.स सचिव श्री राजेन्द्र भण्डारी तेल्लोक गा.बि.स र पेदाङ्ग गा.बि.स **अनुपस्थित (प्रस्तुत नभएको)**

८, गा.बि.स सचिव श्री भानुभक्त श्रेष्ठ लेलेप गा.बि.स र तापेथोक गा.बि.स

९,गा.बि.स सचिव श्री देवराज भुर्तेल गा.बि.स र याम्फुदिन गा.बि.स र मामंखे गा.बि.स

१०,गा.बि.स सचिव श्री नारायण बिष्ट सिनाम गा.बि.स र थुम्बेदिन गा.बि.स

११, ,गा.बि.स सचिव श्री कुलेन्द्र खवास मेहेले गा.बि.स र आम्बेगुदिन गा.बि.स

१२ ,गा.बि.स सचिव श्री रबिन्द्र कार्कि नाङ्गखोल्याङ्ग गा.बि.स र सिकैचा गा.बि.स

१३,प्राबिधिक सहायक श्री भवानी प्रसाद खतिवडा फावाखोला गा.बि.स र डम्रीसे गा.बि.स

१४ ,गा.बि.स सचिव श्री बिमल कुमार याक्सो पापुङ्ग गा.बि.स र हाङ्गपाङ्ग गा.बि.स

१५ ,गा.बि.स सचिव श्री युबराज गौतम फूलबारी गा.बि.स

१६, गा.बि.स सचिव  श्री हरिप्रसाद गौतम निधुरादिन  गा.बि.स

१७, गा.बि.स सचिव  श्री बीरेन्द्रकुमार मेहेता ढुङ्गेसाधुं  गा.बि.स

१८, गा.बि.स सचिव  श्री दुर्गा बहादुर पन्दाक साधुं  गा.बि.स

१९, गा.बि.स सचिव  श्री साङ्ग बहादुर शेर्पा फाकुम्बां  गा.बि.स

२०,, गा.बि.स सचिव  श्री खड्ग प्रसाद गुरुङ्ग थिङ्गलाबु गा.बि.स

२१, गा.बि.स सचिव  श्री कर्ण बहादुर मादेन लिङ्गतेप गा.बि.स

२२, गा.बि.स सचिव  श्री पदम बहादुर नेम्बाङ्ग थुकिमा गा.बि.स

२३, गा.बि.स सचिव  श्री असोक कुमार यादब लिवाङ्ग गा.बि.स

२४, गा.बि.स सचिव  श्री ईन्द्र बहादुर भण्डारी खोक्लीङ्ग गा.बि.स

२५, गा.बि.स सचिव  श्री राकेश चौधरी सावादिन गा.बि.स

२६, गा.बि.स सचिव  श्री कर्णहाङ्ग नेम्बाङ्ग खेजेनिम गा.बि.स

२७, गा.बि.स सचिव  श्री सुबाश चापागाई ईखाबु गा.बि.स

२८, गा.बि.स सचिव  श्री चिरन्जीबी वन हाङ्गदेवा गा.बि.स

२९, गा.बि.स थेचम्बुका खरिदार  श्री गणेश माबो थेचम्बुमा गा.बि.स

३०, गा.बि.स सचिव  श्री डिल्लीराम काफले तिरिङ्गे गा.बि.स

३१, गा.बि.स सचिब श्री देबेन्द्र सुबेदी कालीखोला गा.बि.स

३२, गा.बि.स सचिब श्री चुडामणी निरौला लिम्बुदिन गा.बि.स

३३, गा.बि.स सचिब श्री बालकृष्ण दाहाल साव्लाखु  गा.बि.स

३४, गा.बि.स सचिब श्री खेमराज निरौला सुरुमखिम गा.बि.स

३५, कार्यकारी अधिकृत श्री डिल्लीरमण पौडेल ताप्लेजुङ्ग न.पा

## बार्षिक प्रगति समिक्षा बैठकको निश्कर्ष

१, माथी उल्लेखित नगरपालीका र ४८ गा.बि.स हरुको आ.ब ०७२।०७३ को भौतिक तथा बित्तिय प्रगति सन्तोषजनक पाईयो ।

२, पेश्की तथा बेरुजु अभिलेख अधिकाशं गा.बि.स हरुमा नराखेको देखिएकोल कुन गा.बि.स हरुमा पेश्की बेरुजु कति रहेको भन्ने सम्बन्धमा एकीन गर्न नसकिएकोले यसै चौमासिक भित्र सबै गा.बि.स हरुले पेश्की बेरुजु अभिलेख राखि पेश्की बेरुजु तदारुकताका साथ फस्यौट गर्ने बेरुजुहरु यसै आ.ब भित्र असूल उपर र नियमन र फर्स्यौट गर्ने कार्य लाई पहिलो प्राथमिकतामा राख्ने ।

३, सामाजीक शुरक्षा भक्ता र गाउं बिकास समिति अनुदान कार्यक्रम नियमानुसार समयमा निकाशाको लागि पेश भएको कागजातहरुको आधारमा समयमा नै कार्यालयले सम्बन्धित गा.बि.स हरुमा निकाशा दिने र सो को कार्यान्वयन समयमा गर्ने ।

४, स्थानीय स्वायत्त शासन ऐन,नियमावली ,स्रोत परिचालन व्यबस्थापन कार्यबिधि २०६९ , तालुक कार्यालय बाट प्राप्त परिपत्र निर्देशन बमोजिम कार्य सम्पादन गर्ने ।

५, गाउं बिकास समितिहरुमा जिल्ला स्थित कार्यालय, गै.स.स,अन्तराद्रिय गै.स.स , गै.स.स हरुले संचालन गरिएको कार्यक्रमहरुमा गा.बि.स संग हाल सम्म पनि समन्वय गरेको नदेखिएकोले त्यस्ता कार्यक्रम कार्यन्वयन गर्नु अगाडी नै सम्बन्धित गा.बि.स संग अनिबार्य समन्वय गरेर मात्र कार्यन्वयन गर्नु पर्ने । सो को लागि जि.बि.स ले सम्बन्धित बिषयगत कार्यालय र गै.स.स. हरु लाई सो सम्बन्धि निर्देशन दिने ।

६, आ.ब ०७२।०७३ मा ४८ गा.बि. हरु न्यूनतम सर्त( MC ) सफल भएको स्थानीय निकाय बित्तिय आयोगको नतिजा सार्बजनिक गरियो । सबै गा.बि.स हरु लाई न्यूनतम सर्त तथा कार्य सम्पादनमा उकृष्ठ अकं प्राप्त गरि अग्रणी स्तर हासिल गर्न पर्यत्नरत रहन निर्देशन गर्ने ।

७, अधिकाशं गा.बिस हरुले छुवाछुत मूक्त,पूर्णखोपयुक्त,घर भित्रको धुवा मुक्त,पूर्ण साक्षर बनाउनको लागि सकृयतापूर्ब प्रयास गर्ने ।

८, कतिपय गा.बि.स हरुले आ- आफनो क्षमता अनुसार बिपत्त व्यबस्थापन लाई तत्कालै सम्बोधन गर्नको लागि कोषको व्यबस्थापन नगरेको देखिएकोले सबै गा.बि.स हरुले परिषद बाट स्वीकृत गराई बिपत्त व्यबस्थापन कोष खडा गर्ने व्यबस्था मिलाउन गा.बि. हरु लाई निर्देशन दिने ।

९, गा.बि.स हरुको घर जग्गा लगायत अचल सम्पती जिन्सी खातामा अभिलेख राख्ने साथै नियमित मर्मत सम्भार गर्ने ।

१०, नागरिक सचेतना केन्द्र संग समन्वय राखि सामाजीक परिचालनको कार्य लाई प्रभावकारी बनाउने ।

११, जिल्ला बाल सन्जाल गठन भईसकेकोले गाउं बिकास समितिका बाल बालीका केन्दीत कार्यक्रम बनाउदा बालबालीका अर्थपूर्ण सहभागीता गराउनु पर्ने ।

१२, गाउं बिकास समिति भित्र रहेका सरकारी जग्गा,मठमन्दीरहरुको लगत राखि संरक्षण गर्ने । कार्यक्रमको अन्तमा बैठकको अध्यक्ष तथा स्था.बि.अ श्री केशब भट्टराईले समापन मन्तव्य व्यक्त गर्नु हुदै गा.बि.स हरुले पेश गरेको भौतिक तथा बित्तिय प्रगति सन्तोजनक देखिएको र यसलाई अझ गुणस्तरियता, सरकारी तथा गै.स.स को समन्वय लाई अझ सशक्त बनाउनु पर्ने , आयोजना छनौट तथा कार्यान्वयनमा सरोकारवालाहरुको सहभागीतामा बढाउनु पर्ने । खुल्ला दिशा मूक्त जिल्ला घोषणा गर्नु गा.बि.स को सकृय सहयोमा सफल भएकोमा गा.बि.स हरु लाई हार्दिक धन्यबाद दिदै आगामी दिनहरुमा हु यस्तै राष्ट्रिय कार्यकमहरुमा सकृय सहभागीता जनाउनको साथै गा.बि.स बाट तालुक कार्यालयमा पठाउनु पर्ने प्रगतिहरु यथासमयमा पठाउन समेत निर्देशन दिनु भयो । आयोजनको गुणस्तर र परिमाण लाई कायम गराउन अनुगमनलाई अझ प्रभाबकारी बनाउने । गाउं बिकास समितिमा सरोकारवालाहरुको सहभागीतामा समिक्षा सम्पन्न गरि सोको प्रतिबेदन पठाउने व्यबस्था गर्नु हुन का साथै गा.बिस का जन्ताहरुलाई केन्द्र बिन्दुमा राखि आ आफनो कियाकलाप अझ चुस्त दुरुस्त र प्रभाबकारी बनाउन गा.बि.स हरुलाई निर्देशन दिनु हुदै यस समिक्षा बैठकमा सबैको सकृय सहभागीताको लागी हार्दिक धन्यबाद ज्ञापन गर्नु हुदै कार्यक्रमको अन्त भएको घोषण गर्नु भएको थियो ।




**दोस्रो दिनको प्रस्तुतिः**

१ कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद

२ सामाजिक विकासका लागि प्राविधिक समुह **कार्यक्रम पेश भई प्रस्तुती नभएको**

३ वातावरण संरक्षण तथा विकास मञ्च

४ ताप्लेजुङ उद्योग वाणिज्य संघ **अनुपस्थित भई प्रस्तुती नभएको**

५ जिल्ला खेलकुद विकास समिति

६ कन्चनजंघा भूपरिधी सरोकार समुह **अनुपस्थित भई प्रस्तुती नभएको**

७ साना जलविद्युत केन्द्र ताप्लेजुङ विद्युत उ. स

८ नेपाल रेडक्रस सोसाइटी

९ सामुदायिक वन उपभोक्ता महासंघ **अनुपस्थित भई प्रस्तुती नभएको**

१० ग्रामीण विकास सहयोग केन्द्र

११ कञ्चनजङ्घा महिला विकास केन्द्र

१२ सामुदायिक विकासका लागि वैकल्पिक समुह

१३ NCDC सम्पर्क कार्यालय , ताप्लेजुङ्ग **अनुपस्थित भई प्रस्तुती नभएको**

१४ आदिवासी शसक्तिकरण तथा वातावरण विकास केन्द्र **अनुपस्थित भई प्रस्तुती नभएको**

१५ मानब अधिकारको लागि एकल महिला समूह

१६ ग्रामिण शिक्षा तथा वातावरण विकास केन्द्र

१७ नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ **अनुपस्थित भई प्रस्तुती नभएको**

१८ व्रिटीस वेलफेयर

१९ भारतीय सोल्जर बोर्ड अनुपस्थित भई प्रस्तुती नभएका

२० मानव अधिकार संरक्षण तथा असाहाय कानुनी सेवा **अनुपस्थित भई प्रस्तुती नभएको**

२१ नेपाल महिला उद्यमी संघ

२२ गरिवी निवारण कोष **अनुपस्थित भई प्रस्तुती नभएको**

२३ दलित उत्थान मञ्च

२४ अपाङ्ग उत्थान समाज जिल्ला कार्य समिति **अनुपस्थित भई प्रस्तुती नभएको**

२५ परिवर्तन र समानताका लागि महिला अधिकार मंच **अनुपस्थित भई प्रस्तुती नभएको**

२६ नेपाल महिला जागरण संघ

२७ महिला सेवा केन्द **अनुपस्थित भई प्रस्तुती नभएको**

२८ हिमाली संरक्षण मंच **अनुपस्थित भई प्रस्तुती नभएको**

२९ जनसरोकार सेवा केन्द्र **अनुपस्थित भई प्रस्तुती नभएको**

३० तिम्बुङ्ग पोखरी जैविक बिविधता संरक्षण तथा बिकास मञ्च **अनुपस्थित भई प्रस्तुती नभएको**

३१ जनमुखी विकास सरोकार मंच **अनुपस्थित भई प्रस्तुती नभएको**

३२ जिल्ला सहकारी संघ **अनुपस्थित भई प्रस्तुती नभएको**

३३ उत्पीडित तथा उपेक्षित वर्ग उत्थान संघ **अनुपस्थित भई प्रस्तुती नभएको**

३४ अनोपचारिक क्षेत्र सुरक्षा संजाल संरक्षण **अनुपस्थित भई प्रस्तुती नभएको**

३५ पाथीभरा क्षेत्र विकास समिति

३६ गिरिजा प्रसाद कोइराला स्मृति प्रतिष्ठान **अनुपस्थित भई प्रस्तुती नभएको**

३७ डिचेनडोङला आँखा अस्पताल ताप्लेजुङ्ग

३८ नेपाल ग्रामिण पुन निर्माण संस्था

३९ सहमति (मर्सिकोरको साझेदारीमा संचालित कार्यक्रम)

४० महिला शक्ति बिकास केन्द्र

४१ गैर सरकारी महासघं

४२ जिल्ला शिक्षा कार्यालय

४३ जिल्ला स्वास्थ्य कार्यालय

४४ कृषि विकास कार्यालय **अनुपस्थित भई प्रस्तुती नभएको**

४५ उत्तर दक्षिण ओ.चु. खण्ड लोकमार्ग आयोजना कार्यालय

४६ महिला तथा बालबालिका  कार्यालय

४७ जिल्ला पशुसेवा कार्यालय

४८ घरेलु तथा सा. उ. विकास स. कार्यालय,

४९ जिल्ला वन कार्यालय

५० खानेपानी तथा सरसफाइ सव डिभिजन

५१ जिल्ला आर्यूवेद कार्यालय **अनुपस्थित भई प्रस्तुती नभएको**

५२ जिल्ला भू सरक्षण कार्यालय **अनुपस्थित भई प्रस्तुती नभएको**

५१ कृषि विकास बैंक **अनुपस्थित भई प्रस्तुती नभएको**

५२ सिचाई बिकास डिभिजन

५३ जिल्ला बिकास समितिको कार्यालय,

## बार्षिक समिक्षा बैठकको निष्कर्ष

१, माथी उल्लेखि अन्तराट्रिय गैर सरकारी संस्था, गैर सरकारी संस्था,सघं सस्था, जिल्ला बिकास समिति लगायत बिषयगत कार्यालयहरुले प्रस्तुत गरेको भौतिक तथा बित्तिय प्रगती सन्तोषजन देखियो । आगामी आ.ब मा अझ प्रभावकारी रुपले अगाडी बढाई गुणस्तरियतामा बिषेश जोड दिने ।

२, जिल्ला बिकास समितिको आ.ब ०७१।०७२ को न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मूल्यांकन नतिजा मा ६१ अकं प्राप्त गरि सफल भएको जानकारी गरियो ।

३, गाउं बिकास समितिहरुमा जिल्ला स्थित कार्यालय, गै.स.स,अन्तराट्रिय गै.स.स , गै.स.स हरुले संचालन गरिएको कार्यक्रमहरुमा गा.बि.स संग हाल सम्म पनि समन्वय गरेको नदेखिएकोले त्यस्ता कार्यक्रम कार्यन्वयन गर्नु अगाडी नै सम्बन्धित गा.बि.स संग अनिबार्य समन्वय गरेर मात्र कार्यन्वयन गर्नु पर्ने ।

४, जिल्ला स्थित बिभिन्न कार्यालयहरुमा दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति नभएको कारणले सेवा प्रबाहमा भएको समस्यालाई मध्यनजर राखि गत समिक्षा बैठक बाट समेत निर्णय भएकोमा पदपूर्तिको समस्या हाल पनि त्यही अबस्थामा रहेको देखिएकोले रिक्त स्थानमा पदपूर्ति गर्न र काजमा रहेका कर्मचारीहरुको फिर्ताको लागि सम्बन्धित निकायको ध्यान आर्कषण गर्ने ।

५,सर्वदलिय अनुगमन पद्दतीलाई निरन्तरता दिई जिल्ला भित्र पारदर्शिता, सुशासन र जवाफदेहिता जस्ता नेपाल सरकारको नीतिलाई निरन्तरता दिने ।

६, चालु आ.ब मा खर्च गर्ने गरि प्राप्त अख्तीयारी र कार्यक्रमको बारेमा सरोकारवालाहरुलाई जानकारी गरउन जि.बि.सको समन्वयमा संयुक्त बैठक गर्ने ।

७, अन्तराट्रिय गै.स.स,गै.स.स.ले गा.बि.स मा काम गर्नको लागि जि.बि.स बाट पूर्ब स्वीकृत लिएर मात्र सो कार्य कार्यन्वयन गर्ने ।

८, गै.स.स हरुले जिल्लामा संचालन गरेका कार्यक्रमहरुको अनिवार्य रुपमा जि.बि.स मा प्रगति पठाउनु पर्ने ।

९ माथी उल्लेखित अनुपस्थित रहेका सरकारी तथा गै.स.स हरु समिक्षा जस्तो महत्वपूर्ण बैठकमा अनुपस्थित रहेको देखिएकोले ती सस्थाहरुलाई अनुपस्थितको कारण खोली पेश गर्न पत्रचार गर्ने र आगामी यसप्रकारको कार्यक्रमहरुमा अनिबार्य रुपमा उपस्थित हुने ।

१०, गै.स.स बाट संचालित कार्यक्रमहरु जि.बि.स संग समन्वय गरि अनुगमन पद्दती लाई पारदर्शिता, सुशासन र जवाफदेहिता जस्तो नीतिलाई अबलम्बन गर्ने ।

११, बिषयगत कार्यालयहरु बाट बिषयगत कार्यक्रमहरु संचालन गर्दा एकै ठाउं बाट संचालन गर्दा सरल सहज एबम प्रभाबकारी हुने देखिएकोले आ-आफनो कार्यालयहरु संग सम्बन्धित कार्यक्रमहरु संचालन गर्ने निकायहरु संग समन्वय गरि संचालन गर्ने व्यबस्था मिलाउने ।

१३,चालु आ.ब मा स्वीकृत बजेट तथा कार्यक्रमहरु समयमा सम्पन्न गर्ने व्यबस्था गर्ने

१४, कार्यक्रम संचालन गर्दा दोहोरोपन नआउने गरि एक अर्का संग समन्वय गरि संचालन गर्ने

१५, जिल्लामा संचालन हुने गरि स्वीकृत कार्यक्रम ठाउं नतोकिएको हकमा आपसी समन्वय गरि प्रभावकारी रुपले संचालन गर्ने ।

१६, गैर सरकारी संस्थाहरुले बार्षिक रुपमा संचालन गरिने कार्यक्रमहरु अनिबार्य रुपमा जिल्ला परिषदमा पेश गर्नु पर्ने ।

१७, जिल्लामा आईपर्ने बिपत्त व्यबस्थापनको व्यबस्थापन गर्न सबै कार्यालयहरुले आ- आफनो निकायहरु संग समन्वय गरि तयारी अबस्थामा रहने ।

## समापन कार्यक्रम

समापन कार्यक्रममा छलफलमा उठेका बिषयहरुमा आफनो धारण व्यक्त गर्दै जिल्ला स्थित राजनिति पाटीका कमस संघिय लिम्बुवान नेपालका श्री रनध्वज ताम्लीङ्ग, संघिय समाजबादी फोरम नेपालका श्री सूर्य तमु रा.प्र.पा नेपालका श्री ललित लिम्बु,ने.क.पा माओबादी केन्द्रका श्री काजी भट्टराई, र ने.क.पा.एमाले का श्री मातृका

भट्टराईले गै.स.स हरुले संचालन गरेका कार्यक्रमहरु सुगम ठाउंमा मात्र संचालन भएको र कार्यक्रम दोहोरो देखिएको र दुर्गम र पिछडिएका गा.बि.स हरुमा कार्यक्रम हरु नगएको देखिएको । गरिबी निबारण कोष लगायत अन्य निकायहरुको कोषको सम्बन्धमा संचालन र व्यबस्थापन सम्बन्धमा प्रभावकारी नरहेको बिषयमा गम्भीरतापूर्बक ध्यान दिनु पर्ने र आयोजनाहरुको बित्तिय र भौतिक प्रगति मात्र उल्लेख भएकामा त्यसमा लाभान्वीत जन्ताको बिषयमा बढी गम्भीर हुनु पर्ने, आयोजनाहरुको सबल पक्ष्य र दुर्वल पक्ष्यमा समेत बिस्तृत रुपमा छलफल हुनु पर्ने,बिषयमा ध्यान आर्कषण गराईएको थियो भने सरकारी कार्यालय र गै.स.स हरुको मिल्दा जुल्दा प्रकृतिका कार्यक्रमहरुको हकमा साझा धारण बनाई अगाडी बढनु पर्ने यस जिल्लाका जन्ताहरुलाई प्रत्यक्ष रुपमा लाभ हुने कार्यक्रमहरु अझ सशक्त रुपमा अगाडी बढाउनु पर्ने,मूलत अति पिछडिएका जाती, समेदायहरुलाई लक्षित गरि कार्यक्रम कार्यन्वयन गर्नु पर्ने लगायतका साझा धारण व्यक्त भएको थियो ।

कार्यक्रमको प्रमुख अतिथी तथा ताप्लेजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री चक्रपाणी पाण्डेले आफनो मन्तव्य व्यक्त गर्दै कार्यक्रमको संचालन शुरु देखि अन्त सम्म प्रभावकारी अनुगमन गर्नु पर्ने ,जि.बि.स बाट लगाईएका करहरुमा सम्बन्धित ठाउंमा खर्च गर्नु पर्ने गै.स.स हरुको दर्ताको लागि सिफारिस गर्दा त्यसको प्रस्ताबना,उदेश्य लगायतका बिषयहरुमा राम्ररी अध्यायन गरि मात्र सिफारिस गर्नु पने दैबि प्रकोप व्यबस्थापन कोष स्थापना गरि प्रारम्भीक चरणको व्यबस्थापन गर्नको लागी आबस्यक कोष खडा गर्न गा.बि.स लाई निर्देशन दिनुपर्ने , आर्थिब बर्ष शुरु हुन साथ सबै सरकारी तथा गै.सस हरुको बजेट तथा कार्यक्रम सरोकारवाला सबैलाइ्र जानकारी गराई पारदर्शिता कायम गर्न व्यापक छलफल गराउनु पर्ने सो सम्बन्धमा पूर्ब तयारीको लागि बिषयगत कार्यालय,गैस.स ले आन्तरिक रुपमा छलफल गरि तयारी अबस्थामा रहन निर्देशन दिनु भएको थियो ।

कार्यक्रमको अन्तमा कार्यक्रमको अध्यक्ष एबं स्था.बि.अ श्री केशब भट्टराईले माथी उठेका सवालहरुको जवाफ दिनु हुदै श्रोत साधन र जनशक्तिले भ्याए सम्म गत बर्षको अनुभवहरु लाई समेत ध्यानमा राखि यथा समयमा प्रभावकारी रुपमा बजेट तथा कार्यक्रम संचालन गर्ने र बिषयगत कार्यालय र गैस.स हरु लाई समेत प्राप्त श्रोत साधनको उपलब्धी हासिल हुने गरि कार्यक्रम संचालन गर्न आ- आफनो ठाउं बाट सकृय सहयोग गरि दिन अनुरोध गर्नु  पर्ने समिक्षामा प्राप्त सुझाहरुलाई  चालु आ.ब मा सुधार  तथा कार्यन्वयन गर्दै जाने प्रतिबध्दता जाहेर गर्नु हुदै समिक्षामा गुणात्मक सुझाब र सहभागीताको लागि धन्यबाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

# समाप्त